बैठक मितिः २०८०/११/२१

बैठक सङ्ख्याः २८

छलफल तथा निर्णयः

१. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको चालु आ.ब. मा ब.उ.सि.नं. ३३७०११७७ अन्तर्गत रासी राजमार्ग कम्पोनेन्ट नं.२ को अमेलिया-तुलसीपुर-कपुरकोट-सितलपाटी सडक खण्ड अन्तर्गत चोरखोला-शितलपाटी सडक खण्डको निर्माण तथा स्तरोन्नतिका लागि रू. १ अर्ब ६५ करोड रकम बराबरको अर्थ मन्त्रालय समक्ष स्रोत सहमतिको लागि सिफारिश गरिएको र सो सम्बन्धमा अर्थ मन्त्रालयको प.सं. ०८०/८१ च.नं. १००९ मिति २०८०/१०/२९ को पत्रानुसार आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०८० को पूर्ण पालना गर्ने र आगामी आ.व.को लागि सिर्जना हुने दायित्व बराबरको रकम सोही मापदण्डको दफा ६(३) बमोजिम तत् तत् आ.व. मा प्राप्त बजेट सीमाबाटै अनिवार्य रूपमा बजेट प्रस्ताव गर्ने गरी प्रचलित ऐन, कानून र स्वीकृत मापदण्ड बमोजिम सम्पूर्ण प्रकृया पूरा गरी कानून र मापदण्डको पूर्ण परिपालनाको जवाफदेहिता सम्बन्धित लेखा उत्तरदायी अधिकारी र सम्वद्ध पदाधिकारीमा रहने गरी मा. मन्त्रीस्तर (अर्थ मन्त्रालय) मिति २०८०/१०/२९ को निर्णयानुसार रु. १ अर्ब १० करोड रकम बराबरको स्रोत सहमति प्रदान गरिएको पत्र प्राप्त भएकोमा आयोगको बैठकमा छलफल हुँदा प्रचलित कानून, स्वीकृत नीति र तोकिएको मापदण्ड बमोजिम बहुवर्षीय ठेक्का सम्बन्धी कारवाही अघि बढाउन सहमति प्रदान गर्ने निर्णय गरियो।

२. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको चालु आ.ब. मा ब.उ.सि.नं. ३३७०११३८ अन्तर्गत राजमार्ग स्तरोन्नती तथा पुनस्थापना कार्यक्रमको चन्द्रपुर-गौर सडकलाई चार लेन स्तरमा स्तरोन्नतिका लागि रू. ३ अर्ब रकम बराबरको अर्थ मन्त्रालय समक्ष स्रोत सहमतिको लागि सिफारिश गरिएको र सो सम्बन्धमा अर्थ मन्त्रालयको प.सं. ०८०/८१ च.नं. १०२८ मिति २०८०/१०/२९ को पत्रानुसार आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०८० को पूर्ण पालना गर्ने र आगामी आ.व.को लागि सिर्जना हुने दायित्व बराबरको रकम सोही मापदण्डको दफा ६(३) बमोजिम तत् तत् आ.व. मा प्राप्त बजेट सीमाबाटै अनिवार्य रूपमा बजेट प्रस्ताव गर्ने गरी प्रचलित ऐन, कानून र स्वीकृत मापदण्ड बमोजिम सम्पूर्ण प्रकृया पूरा गरी कानून र मापदण्डको पूर्ण परिपालनाको जवाफदेहिता सम्बन्धित लेखा उत्तरादायी अधिकारी र सम्वद्ध पदाधिकारीमा रहने गरी मा. मन्त्रीस्तर (अर्थ मन्त्रालय) मिति २०८०/१०/२९ को निर्णयानुसार रु. ३ अर्ब रकम बराबरको स्रोत सहमति प्रदान गरिएको पत्र प्राप्त भएकोमा आयोगको बैठकमा छलफल हुँदा प्रचलित कानून, स्वीकृत नीति र तोकिएको मापदण्ड बमोजिम बहुवर्षीय ठेक्का सम्बन्धी कारवाही अघि बढाउन सहमति प्रदान गर्ने निर्णय गरियो।